

चित्र ६ : प्रसस्त मात्रामा उपलब्ध पानीको श्रोत

पानी प्रशस्त उपलब्ध हुने ठाउँ भएमा समानान्तर किसिमको रेसवे जसमा एउटा रेसवेको पानी अर्कोमा नजाने बनाएमा राम्रो हुन्छ । यस प्रकारले पालिएका रेसवेका ट्राउटमा रोग लागेपनि अन्य माछामा रोग सर्न पाउँदैन । पानी प्रशस्त नभएको ठाँउमा एक पछि अर्को रेसवेमा पानी जाने किसिमको बनाउन उपयुक्त हुन्छ । तर, यस किसिमले गर्दा रोग अर्को रेसवेको माछामा सर्ने बढि सम्भावना हुन्छ । यस अवस्थामा दुई रेसवे बीच फिल्टरको व्यवस्था गर्नु राम्रो हुन्छ । साथै माछालाई रोग लागे नलागेको बराबर रेखदेख गरिरहनुपर्दछ ।

### ७. माछाको स्टकिङ्ग

पानीको मात्रा अनुसार रेसवेमा माछा स्टक गरिन्छ । एक वर्ग मिटरमा ५० गोटा भुरा राखि १ ली. प्रति सेकेन्डका दरले पानी दिएमा वार्षिक प्रति वर्ग मिटरबाट १० देखि २० कि.ग्रा. सम्म रेन्बो ट्राउट माछा उत्पादन गर्न सकिन्छ । तर राम्रो वृद्धिको लागि बेला बेलामा ठूला माछा छुट्याई रहनुपर्दछ । किनभने सानाले राम्ररी दाना पाउदैनन् र क्रमशः कमजोर हुदैं जानेहुँदा रोगले पनि सजिलै ग्रसित भै मर्न सक्दछन् । एकैनासको ट्राउट राख्नसकेमा वृद्धि पनि समान हुनसक्छ ।

### ८. रोगको रोकथाम

रेन्बो ट्राउट माछालाई रोग लाग्नबाट बचाउन निम्नानुसार ध्यान दिनुपर्ने हुन्छ ।

क. रेसवे सधैं सफा राख्ने ।
ख. तापक्रम २०° से. भन्दा कम भएको पानी प्रयोग गर्ने ।
ग. ठीक समय र मात्रामा दाना दिने ।
घ. दानामा आवश्यक पोषकतत्व पर्याप्त राख्ने ।
ङ. दाना राम्रो संग स्टोर गर्ने ।
च. समय समयमा विशेषज्ञ संग सम्पर्क गर्ने ।

### ९. रेन्बो ट्राउट माछाको भुरा आपुर्ति

नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत मत्स्य अनुसन्धान महाशाखा गोदावरी, मत्स्य अनुसन्धान केन्द्र त्रिशुली तथा "एक गाउँ एक उत्पादन" कार्यक्रम अन्तर्गत सम्पन्न अन्य केहि किसानहरूबाट स-साना भुरा मेलम्ची, सिन्धुपाल्चोक, चितलाङ्ग र मकनवानपुरमा खरीद गर्न सकिन्छ ।

### १०. खाने माछा तथा बजारको ब्यबस्था

खाने माछालाई ढिलोसम्म पाल्दा दाना बढी लाग्ने तर वृद्धि कम हुने भई माछाको मूल्यमा वृद्धि हुँदै जाने हुन्छ । त्यसकारण ट्राउट माछा २०० देखि ३०० ग्राम साईजको हुँदै बिक्री गर्न सके सबैभन्दा बढी फाईदा पाउन सकिन्छ । छोटो अवधि मै ट्राउटको माग होटल, स्वदेश तथा बिदेशका मत्स्य प्रेमी तथा पारखीहरूबाट धेरै माग आएको हुनाले स्थानीय बजारमा स्वादिष्ट र स्वास्थ्यवर्धक ट्राउटको बिक्रीको कठिनाई नहुने, यस अतिरिक्त उत्पादन बढि र विश्वसनीय हुनसके ट्राउट माछा थाईल्याण्ड, सिंगापुर तथा भारतमा समेत निर्यात गर्न सकिने संभावना रहेको विज्ञहरूले निर्क्यौल गरेका छन् ।

### ११. प्राबिधिक सेवा

निजी क्षेत्रबाट रेन्बो ट्राउट माछाको उत्पादनको लागि कुनै पनि सेवा माग भई आएमा आवश्यक प्राविधिक सहयोग नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत मत्स्य अनुसन्धान महाशाखा गोदावरी र त्रिशुली मत्स्य विकास निर्देशनालय र कृषि शाखाहरूबाट उपलब्ध गराउन सकिने छ ।



चित्र ७ : ट्राउट माछाको स्वादिलो परिकार


**थप जानकारीका लागि सम्पर्क**

नेपाल कृषि अनुसन्धान परिषद्
मत्स्य अनुसन्धान महाशाखा, गोदावरी
पो. बक्सः १३३४२ काठमाडौं
फोनः ५१७४२६३, ५१७४१६०, ५१७४११५
फयाक्स्ः ५१७४११५
ईमेलः fisheriesresearch_division@yahoo.com
www.fisheries_narc@gov.np




संशोधन एवं पुनः मुद्रणः २०७३

नार्क प्रकाशन सिरिएल नं. : ००२५६-०७०/२०१५/०१६


# चिसोपानीमा रेन्बो ट्राउट माछा पालन

## Rainbow trout *(Oncorhynchus mykiss)* Fish Farming in Cold Water Region




नेपाल कृषि अनुसन्धान परिषद
राष्ट्रिय पशु विज्ञान अध्ययन प्रतिष्ठान
मत्स्य अनुसन्धान महाशाखा


२०७३ (2016)

## १. परिचय

रेन्बो ट्राउट चिसो तथा सफा पानीमा हुर्कन सक्ने एक अत्यन्तै उत्तम माछा हो । ट्राउटको ब्यवसायीक उत्पादनको लागी प्रशस्त मात्रामा चिसो र कंचन पानी बाहेक प्राणीजन्य प्रोटिनयुक्त आहाराको आवश्यकता पर्दछ । ट्राउट माछामा पाईने ओमेगा-३ (Omega-3) भन्ने तत्व स्वास्थ्यको लागि अतिउत्तम हुनको अतिरिक्त ट्राउट स-साना काँढाहरू (Intra-muscular 'Y' bones) बाट बिमुक्त हुनाले खान सजिलो, स्वादिलो र सुरक्षित मानिन्छ ।



चित्र १ : रेन्बो ट्राउट माछा

## २. नेपालमा रेन्बो ट्राउट माछा

नेपालको भौगोलिक अवस्था सुहाउँदो चिसोपानीको सदुपयोगबाट भिरपाखोमा पनि व्यवसायीक उत्पादन हुन सक्ने माछाको संभावना र महत्वलाई दृष्टिगत गरी भारतबाट सन् १९६९ मा रेन्बो ट्राउट र १९७२ मा बेलायतबाट ब्राउन ट्राउट भित्राइएको थियो । तर, प्राबिधिक ज्ञानको अभावमा ती ट्राउट बचाउन सकिएन । त्यस उप्रान्त सन् १९८८ मा जापानबाट ल्याइएको रेन्बो ट्राउट माछाको ५०,००० गोटा भ्रुण-फुल (Eyed eggs) बाट गोदावरीमा भुरा कढाई, नेपालको सामाजिक–आर्थिक परिवेश सुहाँउदो प्रबिधि विकासको लागि गोदावरी र त्रिशुलीमा अध्ययन गरिएको थियो । फलस्वरूप, हाल यस माछाको व्यवसायीक उत्पादनको प्याकेज निजि क्षेत्रमा बिस्तारण गरिने क्रममा रहेको छ ।

## ३ रेन्बो ट्राउट माछापालनका आधारभुत आवश्यकता

### ३.१ पानीको तापक्रम एवं अन्य गुण

यो माछा पानीमा ०° देखि २५° सेल्सियस सम्मको तापक्रममा बाँच्न सक्छ तर राम्रो वृद्धिको लागि १४-२०° से. तापक्रम चाहिन्छ । यस माछाको शारीरिक वृद्धिकालागि पानीको सबैभन्दा उपयुक्त तापक्रम १६-१८° सेल्सियस हो । सामान्यतया, रेन्बो ट्राउट खानेमाछा उत्पादनको लागि पानीको तापक्रम १४ देखि २०° से. सम्म तथा प्रजननको लागि १४° से. भन्दा कम उपयुक्त हुन्छ । भुरा उत्पादनको लागि ८-१४° से. तापक्रम चाहिन्छ । साथै, पानीमा घुलित अक्सिजनको मात्रा ६ मि. ग्रा. प्रतिलिटर भन्दा बढि र पि. एच. ६.५ देखि ८.० सम्म उपयुक्त हुन्छ । ट्राउट माछा पालनका लागि सफा र चिसोपानी प्रशस्त मात्रामा निरन्तर बगिरहने हुनुपर्दछ । हाम्रो मध्य र उच्च हिमालबाट बगी आउने अधिकतर खोलानालाको पानी सामान्यतया ट्राउट पालनका लागि उपयुक्त मानिन्छ । तथापि, उपयुक्त थलोको निर्क्यौल गर्न सम्बन्धित प्राविधिक संग सर-सल्लाह गर्न सिफारिश गरिन्छ ।

### ३.२. रेन्बो ट्राउट माछाको आहारा

रेन्बो ट्राउटलाई चाहिने आहारा झिंगे माछा, भटमास, गहुं, पिनाको धुलो, ढुटो, भिटामिन एवं मिनरल मिसाई बनाउने गरिन्छ । सामान्यतया, प्रोटिनयुक्त मसिना दाना थोरै पानीमा मुछी स-साना डल्ला ट्राउटलाई खुवाउन सकिन्छ, तर यस्ता दाना गलेर केही नोक्सानी हुने र पानी छिटो फोहर हुने भएकोले माछाको मुखमा अटिने आकारको पेलेट (गुड्का) दाना बनाई खुवाईन्छ । ट्राउट माछालाई दिइने दानाको मात्रा माछाको शारीरिक तौलको आधारमा निर्धारण गरिन्छ ।



चित्र २ : ट्राउटको लागि पेलेट दाना

#### ३.२.१. भुराको आहारा

फुलबाट निस्केको भुराले तुरुन्तै दाना खाँदैन । यस अवस्थाका भुरा प्राकृतिक रूपले आहारा आफनै शरीरबाट आपूर्ति गर्दछन । भुरा निस्केको तीन चार दिन पछि मात्र पूर्णरूपले पौडिन सक्ने भएपछि ४०-४५ प्रतिशत प्रोटिन भएको मसिनो दाना दिनको १० पटक ५ ग्राम भन्दा सानो माछालाई खाएजति दाना दिनुपर्दछ । भुरालाई १० ग्राम भएपछि दिनको ३-४ पटक सम्म दाना दिईन्छ ।



चित्र ३ : हुर्कौंला ट्राउट माछा भुरा

#### ३.२.२. हुर्कौंला ट्राउटको दाना

सामान्यतया, ३० ग्राम सम्मको माछालाई शरीरको तौलको ४-६ प्रतिशतका दरले, दिनको २-३ पटक ३५ प्रतिशत प्रोटिन भएको दाना दिनुपर्दछ । यो भन्दा ठूलालाई ३५ प्रतिशत प्रोटिन भएको दाना शारीरिक तौलको १.५-२.० प्रतिशत सम्म दिईन्छ । माउलाई ३५ देखि ४० प्रतिशत प्रोटिन भएको दाना आवश्यक पर्दछ ।

## ४. ट्राउटको वृद्धि र ब्यवस्थापन:

उपयुक्त तापक्रम तथा दाना भएमा करिब १० ग्रामको ट्राउट करिब १० महिनामा २०० देखि ३०० ग्राम तौलको बिक्री योग्य हुन्छ । तर, एउटै उमेरको माछा पनि विभिन्न तौलको हुन जाने हुँदा समय समयमा माछाको तौल अनुसार छुट्याएर राख्नु पर्दछ ।

## ५. ट्राउट माछाको प्रजनन

गोदावरी र त्रिशुलीमा यो ट्राउट २ देखि ३ बर्षको उमेरमा बर्षमा एक पटक मंसिरदेखि माघसम्म प्रजननका लागि तैयार हुन्छ । ट्राउटका भाले र पोथी प्रजननका बेला स्पष्ट संग छुटिन्छन् । सामान्यतया २ बर्ष उमेरको सरदर १ कि.ग्रा. साईजको पोथीले १५०० देखि २५०० र ३ बर्ष उमेरको सरदर १.५ कि.ग्रा.को पोथीले १६०० देखि ३००० गोटा फुल दिन्छ । रेन्बो ट्राउट माछाको प्रजनन कृत्रिम तरिकाले गरिन्छ । परिपक्व पोथीबाट फुल निचोरी बाटामा संकलन गरिन्छ र परिपक्व भालेको विर्य निचोरी फुल संग मिसाइन्छ । सो भन्दा अगावै फुललाई नुन पानीको झोलले सफा गरिन्छ । त्यस पछि निषेचित फुललाई कोरल्नको लागि ईन्क्युबेटरमा राखिन्छ । सो बेला पानी निरन्तर ३० ली/मिनेट दरले बगिरहेको र अक्सिजनको मात्रा ७ मी. ग्रा/ली. भन्दा बढि भएको हुनुपर्दछ । निषेचित फुलबाट भुरा निस्कन ९ देखि १४ डी. से. तापक्रम भएमा करिब २७ देखि ३० दिन लाग्छ । पानीको तापक्रम कम भए ढिलो र बढि भएमा छिटो भुरा निस्कने हुन्छ ।



चित्र ४ : ट्राउट भालेबाट मिल्ट संकलन

## ६. रेन्बो ट्राउट माछा पालन

व्यवसायीक उत्पादनको लागि ट्राउट माछा हुर्काउन बिभिन्न पोखरी र रेसवे बाहेक दाना एवं जाल आदि राख्ने स्टोर, पाले घर जस्ता सुविधा आवश्यक पर्दछ । ट्राउट पालनका लागी प्रयोग हुने आयताकार सिमेन्टका निरन्तर पानी बगाइ राख्न सक्ने संरचनालाई रेसवे भनिन्छ । व्यवसायीक रूपमा रेन्बो ट्राउट पालनको लागी मुख्यतया पानी, जमीन, सडक तथा बिजुली जस्ता पूर्वाधारहरूमा ध्यान दिनु नितान्त आवश्यक छ । रेन्बो ट्राउट माछा खेती दुई किसिमको हुन सक्छ । खानेमाछा तथा माउ माछा हुर्काउने अनि प्रजनन गराइ भुरा उत्पादन तथा बिक्री वितरण गर्ने र भुराबाट खानेमाछा हुर्काई बिक्री वितरण गर्ने ।

### ६.१. रेसवे निर्माणको लागि ठाउँको छनौट

सधैं प्रशस्त सफा चिसो पानी बगिरहने, केही भिरालो परेको वा समथर तर गरा परेको जमिनको साथै आवश्यक सामाग्रीहरू उपलब्ध गर्न र बजारको लागि समेत यातायातको सुविधा भएको ठाउँ उपयुक्त हुन्छ । छनोट गरेको ठाउँमा पानीको श्रोतको राम्रो व्यवस्था हुनुपर्दछ । रेसवे निर्माणका लागी ढुंगा या ईट्टाको सिमेण्ट प्रयोग हुनाले शुरूको लगानी बढी हुने भएता पनि



चित्र ५ : भौगोलिक अवस्थासँग मिलेको भिरमा अवस्थित निजी फार्म

बलियो र व्यवस्थापन सजिलो हुन्छ । रेसवे निर्माण गर्दा पानीको प्रवेश हुनेदेखि निकास तर्फ रेसवेको पिँध केहि भिरालो हुनुपर्दछ । यसरी भौगोलिक अवस्था संग मिल्ने बनाइएको रेसवे वा पोखरी पूर्णरूपले सुकाई सफा गर्न पनि सजिलो हुन्छ । आयताकार रेसवे बनाउँदा लगानी कम लाग्ने र पानीको श्रोत तथा परिमाण अनुसार ५० देखि १५० वर्गमिटर क्षेत्रफल भएको र गहिराई ६० देखि ९० से. मी. को रेसवे उपयुक्त हुन्छ ।